# इन्द्रबहादुर राईको 'कठपुतलीको मन' कथामा उत्तरआधुनिकता

**हेमा जोशी**
विद्यावारिधि शोधार्थी, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
Email: joshihema262@gmail.com | DOI: https://doi.org/10.3126/jdl.v2i1.65419

**लेखसार**

प्रस्तुत लेखमा 'कठतुतलीको मन कथामा' उत्तरआधुनिकता को अध्ययन विश्लेषण गरिएको छ । यसका लागि दस्तावेज विश्लेषण विधिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरुको सङ्कलन, गुणात्मक ढाँचामा आधारित रहेर अध्ययन र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । उत्तरआधुनिकताले आधुनिकताको मौलिक स्वरूप वा निर्माणका व्यतिरेकमा विनिर्माण वा विनिर्मिततालाई आत्मसात् गर्छ । उत्तरआधुनिकतावादले आधुनिकताको क्रमिक स्वरूपका व्यतिरेकमा व्यतिक्रमिक वा विशृङ्खलित पठनमा विश्वास राख्दछ । कुनै पाठको शृङ्खलित वा क्रमिक पठन हुन्छ भन्ने कुरामा उत्तरआधुनिकवादले अविश्वास जनाउँछ । नेपाली साहित्यमा विनिर्माणवादको प्रयोग इन्द्रबहादुर राईको कठपुतलीको मन कथा सङ्ग्रहमा पहिलोपल्ट भएको हो । उत्तरआधुनिकताका कोणबाट कथालाई सूक्ष्म विश्लेषण गरिएको छ । कथामा मूल प्रवत्तिका रुपमा उत्तरआधुनिकताभित्र द्विचरविरोधको अस्वीकार, अर्थको बहुलता, विधाभञ्जन को प्रयोग कसरी गरेको छ भन्ने कुरालाई देखाइएको छ । प्रस्तुत कथामा मूल प्रवृत्तिका रुपमा रहेको उत्तरआधुनिकताका मान्यताहरू कथामा कसरी अभिव्यञ्जित भएर आएका छन् । इन्द्रबहादुर राईद्वारा लिखित कठपुतलीको मन कथालाई उत्तरआधुनिकका कोणबाट अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी:*** उत्तरआधुनिकता, विधाभञ्जन, द्विचरविरोध, विधामिश्रण, विशृङ्खलित

## विषय परिचय

इन्द्रबहादुर राई वि.सं १९८४ नेपाली कथाको क्षेत्रमा यथार्थवादी प्रवृत्तिवादका रुपमा देखापरेका व्यक्ति हुन् । वि .सं २०१६ मा 'रातभरि हुरी चल्यो' शीर्षकको कथा लिएर नेपाली कथाको क्षेत्रमा प्रवेश गरेका राईका हालसम्म 'विपना कतिपय'(२०१७),'कथास्था'(२०२८) र 'कठपुतलीको मन'(२०४५) कथासङ्ग्रह प्रकाशित भएका छन् । कथाकार राई कथाकार मात्र नभई समालोचक, उपन्यासकार, निबन्धकार र सामाजिक चिन्तक पनि हुन् । यी कथाका विषयवस्तुका माध्यमबाट राईले कथामा उत्तर आधुनिकतावादको प्रयोग, जीवनजगतको वस्तुपरक यथार्थ र अमूर्त शैलीको प्रयोग, विधाभञ्जन, विधानिर्माण, द्विचरविरोधको अस्वीकार, अर्थको बहुलता, विपठन, उत्तरपठन जस्ता आधुनिकवादका मान्यताहरुको प्रयोग गरिएका छन् । इन्द्रबहादुर राईद्वारा लिखित कठपुतलीको मन कथामा चार ओटा कथाहरु समाहित छन् । गौंथली र चामे पात्र भएको पहिलो कथा हो भने रेनु, उनको लोग्ने, हाकिम पात्र भएको दोस्रो कथा हो । डीना,उनको बुवा र उनको श्रीमान् पात्र रहेको कथा तेस्रो कथा रहेको छ भने एउटा नाम नसुनेको जसकी श्रीमतीले आत्महत्या गरेको पात्र रहेको कथा चौथो कथा हो । यसरी एउटा आख्यानभित्र चारवटा कथाको संयोजन

गरेको छ । यसरी एउटा कथा भित्र कथा, नाटक, कविता तथा सामलोचनाका मिश्रण दुईयुग्मक बिचको एउटा अर्थको पुनर्संचनाको अस्वीकार,एउटा अर्थभित्र बहुअर्थ वा अर्थको खुलापन,आख्यानको विनिर्माण विशृङ्खलित आख्यान, विपठन सङ्केतित जस्ता विषयवस्तु र मान्यताको निरुपणले यस कथामा उत्तर आधुनिकवादको प्रयोग भएको छ ।

उत्तर आधुनिकवाद आधुनिकताको उत्कर्ष र विरुद्धमा आएको हो । उत्तर आधुनिकताले कृतिहरु र यसको अर्थहरु बाँधिएको हुँदैनन् ती खुला रहन्छन भन्ने मान्यता राख्दछ । यसले कुनै पनि विधाको यही नै संरचनाको भन्ने मान्यतालाई अस्वीकार गर्छ र आख्यान भित्र आख्यान प्रतिआख्यानको पनि समावेश हुन्छ भन्ने मान्यता राख्दछ । विधाहरु भञ्जन भएर विधा मिश्रण भएर कृतिमा आउँछन् र पूर्वस्थापित केन्द्रहरुलाई भत्काएर नव केन्द्रको स्थापना हुन्छ भन्ने मान्यता राख्दछ । यस्तै पाठको विशृङ्खलित वा व्यतिक्रमिक तरिकाले पाठको अध्यापन गर्न सकिन्छ भन्ने मान्यता राखेको छ । यसले एउटा पाठलाई विनिर्मित प्रकृया अनुसार विपठन गर्दा त्यसपछि पाठभित्रबाट धैरै पाठ जन्मि राख्ने कुरालाई मानेको छ । दुई युग्मक विधामा एउटाको अर्थ प्रधान हुने र अर्को अर्थ गौण हुने द्विचरविरोधको अस्वीकार गर्छ ।

त्यसैगरी एउटा विधाको केन्द्रभञ्जन एउटा विधाभित्र अन्य विधाहरुको मिश्रण र अर्थको खुलापन वा बहुअर्थको स्वीकार्यलाई महत्वपूर्ण स्थान दिइएको छ । कठपुतलीको मन कथामा उत्तर आधुनिकतावादको मान्यता अनुरुप चामे र गौँथली दुई युग्मकका बिचको महिलाले सँधै पुरुषको अपमान सहनु परेको कुराको विरोध गरेको छ । यस्तै प्रकारले चामेले आफ्नी छोरीको विवाह गर्दा केटाहरुले गर्ने व्यवहारको प्रतिकारले लैङ्गिक र सांस्कृतिक द्विचरविरोधको अस्वीकार गरेको । यस्तै एउटा कथाभित्र चारवटा कथा र कथाभित्र कविता, नाटक,निबन्ध र समालोचनाको प्रयोग भएकाले विधाभञ्जन तथा विधामिश्रण भएको छ भने कथावस्तु विशृङ्खलित भएकाले केन्द्रभञ्जन गरी केन्द्रको स्थापना भएको छ । यस्तै कथामा विभिन्न सन्दर्भ घटनाले दिने अर्थमा समेत खुलापन रहेकाले यस कथामा उत्तर आधुनिकवादका विधाभञ्जन द्विचरविरोधको अस्वीकार र अर्थको बहुलता जस्ता मान्यातहरु केन्द्रीय रुपमा घटित भएका छन् । इन्द्रबहादुर राईद्वारा लिखित कठपुतलीको मन' कथामा केन्द्रित हुनु यस अध्ययनको कृतिगत सीमा हो भने कथामा प्रयोग भएको उत्तरआधुनिकतावादको खोजी गर्नु सैद्धान्तिक सीमा हो । उत्तरआधुनिकता भित्र पनि द्विचरविरोध,विधाभञ्जन र अर्थको बहुलता तथा उत्तरआधुनिकतावाद सम्बन्धी मान्यताहरू यसमा अभिव्यञ्जित गरिएका छन् । यी बाहेक अन्य पक्ष र मान्यताहरूको अध्ययन गरिएको छैन ।

## समस्याकथन र उद्देश्य

प्रस्तुत आख्यान इन्द्रबहादुर राईको कठपुतलीको मन कथामा रहेको उत्तरआधुनिकतावादसँग सबन्धित समस्यामा केन्द्रित रहेको छ । यस समस्यासँग शोध्य प्रश्नहरु निन्नलिखित रहेका छन् ।

- यस कथामा द्विचरविरोधको अस्वीकार सम्बन्धी विषयवस्तु के कसरी आएको छ ?
- यस कथामा अर्थको बहुलतालाई के कसरी देखाएको छ ?

- यस कथामा विधाभञ्जनलाई के कसरी देखाएको छ ?

उपर्युक्त शोध्य प्रश्नहरुमा आएका समस्याको समाधान गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीहरू पुस्तकालीय कार्यबाट सङ्कलन गरिएको छ। राईको ‘कठपुतली मन’यस अध्ययनको आधारभूत सामग्री हो भने उत्तरआधुनिकवादसँग सम्बद्ध तथा प्रायोगिक कार्यहरू यस अध्ययनका सन्दर्भसामग्री हुन्। यस अध्ययनमा पाठपरक विश्लेषण उपयोग गरिएको छ। त्यसक्रममा ‘कठपुतली मन’ कथालाई पाठपरक विश्लेषण गरिएको छ। उत्तरआधुनिकवादको सिद्धान्तलाई आधार मानेर कृतिको प्रयोगात्मक विश्लेषण गरिएको हुनाले यस अध्ययनमा गुणात्मक ढाँचाभित्र निगमनात्मक पद्धतिको समेत अवलम्बन गरी विश्लेषण विधिको प्रयोग गरिएको छ।

## सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

उत्तरआधुनिकता दर्शन, कला, साहित्य, संस्कृति, वास्तुकला लगायत व्यापक क्षेत्रमा दिनानुदिन फैलिदै छ। यो आधुनिकवादको प्रतिस्थापन गर्न जन्मिएको चिन्तन हो।दोस्रो विश्वयुद्धपछि देखिएको सांस्कृतिक, बौद्धिक कला, साहित्य र सिद्धान्तलगायत सबै पक्षको विविधता र अन्तरसम्बन्धमा यो देखापरेको छ। आधुनिकताको केन्द्रीयपन, एकीकृतपन,वैज्ञानिकपन र पद्धतिको विपक्षमा देखापरेको सोचका रुपमा पनि यसलाई चिनिन्छ।आधुनिकतावादले लामो समयदेखि स्थापना भएका तर्कवाद,कारणवाद, स्थिर सत्य, केन्द्रीय पद्धति र त्यसको प्रभाव, सामाजिक संरचना र त्यसको विभेदकारिता, वस्तुगत सत्य र त्यसको कठोरपनालाई भत्काई नवीन सोच तथा पद्धतिबाट संसार अगाडि बढ्नुपर्दछ भन्ने मान्यतासहित यो दर्शनको सुरुवात भएको मानिन्छ (प्रज्ञा,२०७६,पृ ,१८८)। सत्य निरपेक्ष नभई सापेक्ष हुन्छ यो उपयोगितामा आधारित हुन्छ भन्ने कुरामा विश्वास राख्ने उत्तरआधुनिकतावाद वर्तमान समयको नयाँ दर्शन तथा दृष्टिकोण हो। यसले सबैलाई स्वीकार गर्न र सबैलाई सम्मान गर्न सिकाउनुका साथै विषयगत मूल्यलाई मात्र आत्मसात गर्छ। उत्तर-आधुनिकता र उत्तर-आधुनिकतावाद, तथा विभिन्न किसिमका उत्तर-आधुनिकतावादहरू मध्येका यी आन्तरिक भिन्नताहरूको कारणले गर्दा उत्तर-आधुनिकतावादका चारित्रिक विशेषताहरूको बारेमा यसै हो भनेर सैद्धान्तिक रूपले ठोकुवा गरेर केही भन्न निकै गाह्रो काम देखिन्छ। त्यसमाथि पनि नेपालजस्तो अ-पश्चिमेली मुलुकको सन्दर्भमा कुरा गर्दा उत्तरआधुनिकतावादी सांस्कृतिक प्रभाव बारेमा छलफल गर्नु त्यति सजिलो छैन। यदि उत्तर-आधुनिकतावादलाई साहित्यिक वा कलात्मक ‘शैली’ को रूपमा बुझ्ने हो भने नेपाली उत्तर-आधुनिकतावादी प्रयोगहरू तथा विभिन्न किसिमका पश्चिमेली उत्तर-आधुनिकतावादहरूमध्येको ऐतिहासिक भिन्नता प्रष्टै देखापर्दछ। विधाभञ्जन मूलतः संरचना पक्षसँग सम्बन्धित देखिन्छ। हरेक विधाको संरचनाको निश्चितताको विरोध गरी विसंरचनाको वकालत गर्ने दृष्टिकोण हो। यसले विधामिश्रणको अवधारणा अघि सारेको पाइन्छ। निश्चित आकारको विधासंरचना भाँच्ने भएको यसलाई विधाभञ्जन

भनिएको हो (प्रज्ञा,२०७७ ,पृ.१११) । यस मान्यताअनुसार कुनै पनि विधाको संरचनाका आधारमा एउटै स्वरुप हुन सक्दै सक्दैन भन्ने कुरा स्वीकार गर्दछ र एक विधाभित्र अर्को विधा मिसाउन सकिने मान्यता राख्दछ । यसरी हेर्दा विधा मिश्रण उत्तरआधुनिकवादको महत्वपूर्ण विशेषता मानिन्छ । एउटा विधाभित्र अर्को विधा मिलाई भिन्न रुपमा प्रस्तुत गर्ने विधा मिश्रण गर्ने संरचना भञ्जन गर्ने र आदि ,मध्य र अन्त्यको सुसङ्गतिलाई भङ्ग गरी प्रस्तुत गर्ने कार्य नै विधा भञ्जन हो । कुनै पनि वस्तुको दुईवटा पक्षमध्ये पहिलोलाई महत्व दिएर दोस्रोलाई त्यसैको परजीवी मान्ने परम्परालाई द्विचरविरोध भनिन्छ (गौतम,२०६६,पृ,४८०) । कठपुतलीको मन कथामा पनि द्विचरविरोधको अस्वीकार गरेको पाइन्छ । यस कथामा लैंगिक, आर्थिक, सामाजिक र सांस्कृतिक द्विचरविरोधको अस्वीकार देखाएको छ । महिला र पुरुषमा पुरुषको स्थानलाई प्रमुख मान्नु, लैङ्गिक द्विचरविरोध हो भने महिला र पुरुषको दुबै युग्मकको आफ्नै अस्तित्व हुन्छ र दुबैको भूमिका प्रमुख हुन्छ भन्ने मान्यता द्विचरविरोधको अस्वीकार हो । कुनै पनि कृति वा रचनाको अर्थ यही भनी किटान नहुनु नै अर्थको बहुलता हो (गौतम,२०६६,पृ,४८२) । कुनै पनि कृतिको रचना गर्दा सर्जकले समय र परिस्थितिलाई आधार बनाएर रचना गरेको हुन्छ । जब पाठकले उक्त कृतिको आफ्नो क्षमता, योग्यता, बौद्धिकता र समय सन्दर्भ अनुसार व्याख्या विश्लेषण र अर्थको निर्धारण गर्दछ ।

कठपुतली मन कथामा द्विचरविरोधको अस्वीकार,अर्थको बहुलता र विधाभञ्जनको विश्लेषण उत्तरआधुनिकतामा कुनै पनि कृतिको संरचनालाई भत्काएर नयाँ संरचना वा नवकेन्द्रको स्थापना गर्दछ । कथाविहीन कथा ,संरचना विहीन संरचना ,अकथा आदिको रचना गरिन्छ । त्यस्तै पाठभित्र अन्तरपाठ,बाह्य सतहको बुझाई,अनिश्चयात्मकता आदिलाई अङ्गीकार गर्छ । यस्तै द्विचरविरोधको अस्वीकार,अर्थको बहुलता र विधा भञ्जनलाई पनि यसले महत्व दिन्छ । प्रस्तुत कठपुतलीको मन कथामा उत्तरआधुनिकताका निम्नलिखित मान्यताहरु घटित भएका छन् ।

## नतिजा र बिश्लेषण

### द्विचरविरोधको अस्वीकार

कुनै पनि सन्दर्भका सकारात्मक अनि नकारात्मक गरी दुईवटा पक्ष हुन्छन् । मानिसको चेतनाले सधैं सकारात्मक पक्षलाई मात्र महत्व दिएर नकारात्मक पक्षलाई हेय वा त्याज्य ठान्दछ । तर नकारात्मक पक्षको सहायताले मात्र सकारात्मक पक्षको अस्तित्व बाँचेको छ भन्ने कुराप्रति मानिस सधैं सचेत रहेको देखिँदैन । यसरी सचेत नरहनाले गर्दा ऊ पहिलोलाई केन्द्रमा राख्छ र दोस्रोलाई त्यसैको परजीवी ठानेर महत्वहीन मान्दछ । यसरी कुनै पनि वस्तुको दुईवटा पक्षमध्ये पहिलोलाई महत्व दिएर दोस्रोलाई त्यसैको परजीवी मान्ने परम्परालाई द्विचरविरोध भनिन्छ । द्विचरविरोधको आधारमा पाठको अध्ययन गर्ने परम्परा धैरै लामो भए तापनि संरचनावादमा यस अवधारणाले अधिक महत्व पाएको देखिन्छ । इन्द्रबहादुर राईका कथाहरूमा विनिर्माणवादको यस विशेषताका आधारमा अध्ययन गर्न सकिन्छ । उनका कथामा शब्ददेखि लिएर वाक्य र सङ्कथनसम्म नै द्विचरविरोधलाई अस्थिर पारिएको पाइन्छ । कठपुतलीको मन कथामा पनि द्विचरविरोधको अस्वीकार गरेको पाइन्छ । यस कथामा लैंगिक,आर्थिक,सामाजिक र सांस्कृतिक द्विचर विरोधको अस्वीकार

देखाएको छ । महिला र पुरुषमा पुरुषको स्थानलाई प्रमुख मान्नु,लैङ्गिक द्विचर विरोध हो भने महिला र पुरुषको दुबै युग्मकको आफ्नै अस्तित्व हुन्छ र दुबैको भूमिका प्रमुख हुन्छ भन्ने मान्यता द्विचरविरोधको अस्वीकार हो । यस्तै धनी र गरिबका बिचमा हुने धनीको भूमिका प्रमुख हुन्छ भन्ने मान्यताको अस्वीकार आर्थिक अस्वीकार हो । समाजमा रहेका कुनै मूल्यमान्यता एउटा मूल्यमान्यता प्रमुख स्थान दिनुको अस्वीकार गर्नु,सामाजिक द्विचर विरोधको अस्वीकार हो भने कुनै एउटा सांस्कृतिक मूल्य मान्यताको पुनर्संचनालाई अस्वीकार गर्नु सांस्कृतिक द्विचरविरोधको अस्वीकार हो ।

गौँथलीले खवटा टिपेर दुईटा फ्याकिन अगाडितिर हातमा खवटा टासिएर उचालिए मिल्काइए कति राम्रो (कठपुतलीको मन,पृ.१४४) । यस कथामा महिलाले सधैँ पुरुषले गर्ने हेपाया प्रवृतिको विरोध गरेको छ । चामेले गौँथलीलाई कुट्दा गाग्रो फुटेर त्यसका टुक्रा वा खवटा भएका छन् । यसको प्रतिकार स्वरुप गौँथलीले  खवटालाई मिल्काएको र यसरी पुरुषले मान्छेलाई कुट्दा त्यसको प्रतिवाद गर्ने प्रयास गरेको छ । यसरी पुरुषले महिलामाथि गर्ने व्यवहारको अस्वीकार गरेको छ । "साडी पनि भेनाज्यू मनपराउने डिजाइनको लगाकी थिई झन्डै तिम्रो अस्ति तिहारमा किने जस्तै । भेनाज्यूले किन्देको होला, लाग्यो मलाई त । त्यो साडि लगाउँदैन अब मेरो निश्चय भयो" (कठपुतलीको मन, पृ.१४४) ।

प्रस्तुत कथांसमा एउटा श्रीमतीले आफ्नो खुसीका वस्त्र, वस्तु, अलङ्कार लगाउनु पर्ने, पुरुषका मनपर्ने वस्तुहरु श्रीमतीले लगाउनुपर्ने वा स्वीकार्नु पर्ने पुरुषवादी प्रवृति र परम्परालाई यस कथाको महिला पात्रले अस्वीकार गरी आफ्नो श्रीमान्ले ल्याएको साडि आफूले नलगाएर पुरुष सत्तावादको केन्द्र भत्काएर पुरुष र महिला बिचको द्विचरविरोधलाई अस्वीकार गरेको छ । "जोईपोइले मात्र हैन जवाफ लाग्ने उसलाई जसले पनि कुट्न, झम्टेको देख्छन् कि चामेका आँखाले" (कठपुतलीको मन, पृ.१४५) । प्रस्तुत अशंमा श्रीमान् अर्थात श्रीमतीमध्ये श्रीमानले श्रीमतीलाई कुट्ने परम्पराको विरोध जुठेकी श्रीमतीले गरेकी छन् । श्रीमान् वा श्रीमती एक पाङ्गाका दुई रथ हुन् । परिवारमा दुबैको अस्तित्व समान छ । त्यसकारण श्रीमतीलाई मात्र झम्टिनु हुँदैन भन्ने अभिव्यक्तिले यहाँ लैङ्गिक द्विचरविरोधको अस्वीकार गरिएको छ ।

"लिम्बू भनेको हामी राजखलक  हो । सम्धीले नजानु भएको न होला राजकुमारी ले हाम्रो बेहुली … यो नोकरी यो फेसन मलाई  नचाहेकै कुरा" (कठपुतलीको मन, पृ.१४६) । प्रस्तुत कथांशमा एउटा लिम्बू परिवारले आफूले छोरी अन्माउदा आफ्नो गौरव र आफू प्रतिष्ठित भएको  र त्यस अनुसार आफूलाई सम्मान गर्नुपर्ने  कुरा व्यक्त गर्दै गर्दा केटाको बुवाले त्यसको प्रतिवाद स्वरुप मैले अन्जानमा गरेको सेवा, सिकेका कुरा र तपाईको त्यो रवैया मलाई नचाहिने वा त्यो कुरा म स्वीकार गर्न सक्दैन भन्ने कुराको प्रतिवाद गरी जातीय द्विचरविरोधको अस्वीकार गरी कुनै जातिविशेषको आफ्नै अस्तित्व नहुने र सबै जातिको आफ्नो स्वतन्त्र अस्तित्व हुने कुराको स्वीकार गरिएको छ ।

"हुन त ज्वाइँ गरिब छ सखी भनेर अनेक थरीका नाउँ राख्यौ अरे तर गरिब भए पनि आजसम्म कसैका बारेमा बोल्ने गरेको छैन" (कठपुतलीको मन, पृ.१५६) । प्रस्तुत कथांसमा धनी गरिब दुई युग्मकमध्ये समाजमा धनीको अस्तित्व हुने र गरिबको अस्तित्व गौण हुने तथा धनीले सधै गरिबलाई हेप्ने द्विचर विरोधको अस्वीकार यस कथामा अभिव्यक्त भएको छ । चामेले आफ्नो ससुरालीलाई गरिब भनी हेप्ने, कुराहरु

सुनाउने प्रवृतिको विरोध चामेको ससुराले गरेको छ । यसरी गरिब भएपछि कसैलाई केही माग्नु नपरेको र आफ्नो अस्तित्व समाजमा रहेको कुरा व्यक्त गरेकाले यस कथामा आर्थिक द्विचर विरोधको अस्वीकार गरिएको छ ।

**अर्थको बहुलता**

कुनै पनि कृति वा रचनाको अर्थ यही भनी किटान नहुनु नै अर्थको बहुलता हो । कुनै पनि कृतिको रचना गर्दा सर्जजले समय र परिस्थितिलाई आधार बनाएर रचना गरेको हुन्छ । जब पाठकले उक्त कृतिको आफ्नो क्षमता, योग्यता, बौद्धिकता र समय सन्दर्भ अनुसार व्याख्या विश्लेषण र अर्थको निर्धारण गर्दछ । यसरी एउटै कृतिको फरक फरक अर्थ हुन्छन् र त्यो अर्थ सर्वमान्य छ, हुन्छ भन्नु नै अर्थको बहुलता हो । प्रस्तुत कथामा अर्थको बहुलता रहेको छ । यसरी यस कथाको पाठकले आफ्नो तरिकाले अर्थको व्याख्या विश्लेषण गर्न सक्छ । यस कथामा उत्तरआधुनिकवादका मान्यता अनुरुप अर्थको बहुलता रहेको छ । मन मान्दै मान्दिनन् ऐना हेर्न । ठ्याम्मै ऐना हेर्न नमान्ने छ यो मन । लेखेर चित्र देखाइदिन्छन् । स्वीकार गर्दैनन् हेरिन ऐनामा एकपटक एक्लै आफूलाई । उज्यालो झ्याल थियो, चमेली फूलदान थियो, बाहिरको रूख थियो अघिल्लोतिर उभिएकी म मन आफू थिइनन् (कठपुतलीको मन,पृ.१४०) ।

प्रस्तुत कथांशले ऐना हेर्न अस्वीकार गरेको एउटा नारीलाई संकेत गरेको छ । उसले आफ्नो वास्तविक रुप हेर्न अस्वीकार गरेको छ । यसरी कर गरेर हेर्दा ऐनामा आफ्नो पछाडिको पृष्ठभूमि र आफूलाई आफ्नो वास्तविक रुप थाहा पाएको कुरा अभिव्यक्त गरिएको छ । यो पहिलो अर्थ हो । यसरी यसमा दोस्रो अर्थ साहित्यिक कृतिको रचना गर्दा साहित्य लेखन कठिन कार्य रहेको र सबैले वा जो कसैले पनि साहित्यिक रचना गर्न सक्दैन भन्ने र साहित्यको रचना वा आस्वादन गर्न थालिसकेपछि प्रकृतिको सन्दरता, साहित्यको वास्तविक रसानुभूति हुने कुरा अभिव्यक्त भएको छ । त्यसै गरी नयाँ विवाहित एउटा नारीले आफ्नो श्रीमान्को घर आएपछि आफ्नो शृङ्गारपटार गर्न खोज्ने र जसका लागि ऐना खोज्ने वा शृङ्गार गर्दा लाज मान्ने प्रवृतिलाई देखाएको छ ।

सल्कन्छ समातेर आगो,जीवनतिर सामातेर आगो नभ्नु आगो समातेर खोला त्यो बह्यो लप्को शीतलताज्वाला, घर आगो, भाग्य आगो, समय आगो सर्छ जुनकिरी पूर्वजन्म, आगो, महा आगो महाशून्यको (कठपुतलीको मन,पृ.१४१) ।

प्रस्तुत कथांसमा विवाहित घरमा आएकी एउटी महिलाको रोदन, क्रन्दन र उसका मनभित्र रहेका पीडा, छटपटी र औडाहलाई प्रस्तुत गरिएको छ । यसरी आफ्नो मान्यतालाई धिक्कार्दै एउटा नारीले जीवनमा भोग्नु परेको दुःख कष्टलाई प्रस्तुत गरेको छ । यस्तै गरी यस कथाको कथांशले दोस्रो अर्थ आगोलाई क्रान्ति र संघर्षको रुपमा अभिव्यक्त गरिएको छ भने तेस्रो अर्थ जीवनको निस्सारता, क्षणिकता र शून्यताको बोध भएको अभिव्यक्ति पुष्टाइ गरिएको छ । जसरी समय, जन्म, पुर्नजन्म, जन्म मरणको चक्रमा हामी फसेका छौँ र यो भौतिक शरीर नासवान छ र हामी यसलाई महत्व दिइरहेका छौँ तर हाम्रो भौतिक शरीर शून्य रहेको छ भन्ने अर्थ अभिव्यक्ति भएको छ ।

'बल्दो लामु पुच्छर लियेर घर घर कुददै सहरमा डुली ।
पोल्या सब् सबैरै कहिँ घर् बाँकी कतै एक भुली' (कठपुतलीको मन, पृ.१५६) ।

प्रस्तुत अंशको पहिलो अर्थ एउटा पुच्छरमा आगो लगाएको जनावरले सबै सरह भरी डुली आफ्नो पुच्चरबाट आगो सल्काएर सहरै ध्वस्त पारेको अर्थ रहेको देखिन्छ भने यसको दोस्रो अर्थ शक्तिशाली वा प्रभावशाली व्यक्तिको एक आवाज वा उसको कामले सम्पूर्ण गाउँ सहर छ । त्यस्तै तेस्रो अर्थ चामेले उसको ससुरालाई गौंथलीले आफ्नो घरमा भएको घर झगडाले आफ्नो घरमा निकै क्षति तथा अस्तव्यस्त भएको र घरमा कठिन अप्ठ्यारो परिस्थितिको सिर्जना भएर जीवनै विसङ्गत भएको कुरालाई अभिव्यक्त गरेको छ । त्यस्तै तेस्रो अर्थ चामेले उसको ससुरालाई गौंथलीले आफ्नो घरमा भएको घर झगडाले आफ्नो घरमा निकै क्षति तथा अस्तव्यस्त भएको र घरमा कठिन परिस्थितिको सिर्जना भएर जीवन नै विसङ्गत भएको कुरालाई अभिव्यक्त गरेको छ । समाजमा यसरी महिलाले घर झगडा गरी माइत बस्दा पनि माइतीघरमा समेत घरको जस्तै अस्तव्यस्त बनाउने कुरा उल्लेख गरिएको छ ।

कति कति गीतहरु तिम्रा आँखाहरु
कति मेरा नीदहरु तिम्रा यी यादहरु
सबै सबै रीतहरु तिम्रा पलहरु
सबै मेरा नीदहरु तिम्रा यी बातहरु । (कठपुतलीको मन, पृ.१६३)

प्रस्तुत अशंमा एउटा व्यक्तिले गाएको गीतले एउटा सुतिरहेको वा चिर निद्रामा परेको व्यक्तिले सुनेको र निदाएको व्यक्तिले दिएका अभिव्यक्तिहरु प्रस्तुत भएका छन् । यसको दोस्रो अर्थ एउटा निरीह व्यक्ति जो चाहेर पनि केही गर्न सकिरहेकी छैन । आफ्ना मनका मनोभावहरू ती निरीह आँखाहरुका सामु प्रस्तुत गरिरहेको छ । जुन व्यक्तिसँग आफ्ना भावना साटी रहेको छ त्यो व्यक्ति पनि निरीह आँखाले हेरिरहेको छ भन्ने अर्थ प्रकटित भएको छ । त्यस्तै यहाँ तेस्रो अर्थ मायाप्रीतिमा एकबिना अर्को बाँच्न नसकिने दुबैको माया प्रगाढ भएको र एउटाको अनुपस्थितिमा अर्कोलाई जीवनयापन गर्न असहज भएको अर्थ अभिव्यक्त भएको छ । गौंथली माइतमा जाँदा चामेलाई घरबाट टाढा भएकाले उसको मायाको अभाव भएको अर्थ यसमा घटित भएको छ ।

"मान्छे के स्वतन्त्र भन्नु ? यो मर्छ । खबरको एक मुठी मान्ने बाँचेर, तिम्रो स्वतन्त्रता आजीवन कैदीको सपनामा मात्र बिहान हो कि भ्रमको साँझ मात्र । ऊ कुमालेको चक्रमा घुमेको मात्र रुपाकार तिमी र म" (कठपुतलीको मन,पृ.१६२) । प्रस्तुत अशंमा पहिलो अर्थ मान्छे बन्धनमा बाँधिएको छ, ऐन, कानुन, नियम, सांस्कृतिक मूल्य र मान्यता तथा सामाजिक परिबन्धमा बाँधिएको छ र हाम्रो मृत्यु निश्चित भएकाले हामीले जीवनमा स्वतन्त्र रुपमा काम गर्नुपर्छ र स्वतन्त्र निर्णय लिनुपर्छ भन्ने भाव अभिव्यक्त भएको छ । यस्तै दोस्रो अर्थ हामी अशान्तका कारण सांसारिक माया र प्रपञ्चमा फसेका छौं जसका कारण हामी देहलाई सधैं दु:ख दिइरहेका छौं । आत्माले छोडेर गएपछि भौतिक शरीरको कुनै महत्व हुँदैन । जबसम्म हामी मोक्ष प्राप्त गर्न सक्दनौं तबसम्म हामी सधैं सांसारिक दु:ख र जन्म मरणको चक्रमा फसिरहेका हुन्छौं । यसरी आत्माले सधैं देहबाट अलग हुन खोजिरहेको हुन्छ भन्ने अर्थ प्रकाशित भएको छ ।

प्रस्तुत कथामा उत्तरआधुनिकवादका विविध मान्यताहरू अर्थको बहुलता वा अर्थको खुलापन रहेको छ। एउटै सन्दर्भ भनाइ वा अभिव्यक्तिको यही नै अर्थ हो भनी ठोकुवा गर्न सकिदैन। हरेक पाठकले आफ्नो तरिकाले अर्थ लगाउन सक्ने भएकाले यस कथामा अर्थको बहुलता रहेको छ।

## विधाभञ्जन

एकपटक निर्माण भइसकेको कुनै वस्तुको संरचनालाई भंग गरेर अर्को संरचनामा निर्माण गर्नु नै विनिर्माणवाद हो। यसलाई अङ्ग्रेजीमा डिकन्स्ट्रक्सन भनिन्छ। कन्स्ट्रक्सनको अर्थ निर्माण गर्नु भन्ने हुन्छ भने विनिर्माणको अर्थ त्यसलाई भत्काउनु भन्ने हुन्छ। डेरिडाले यसलाई विधामिश्रण, भञ्जन, अन्तरविधात्मकता, अर्थगत अनिश्चितता, अर्थगत बहुलता, बहुपठन आदि तरिकाले अर्थाएका छन्। यो उत्तरआधुनिकतावादको चिन्तन हो। यही चिन्तनमा टेकेर राईले मैनालीको 'परालको आगो' कथालाई मिथक बनाएर सहायक कथा जोड्दै 'कठपुतलीको मन' कथाको निर्माण गरेका हुन्।

परालको आगो कथाबाट कठपुतलीको मनमा आउँदा विभिन्न समसामयिक घटनाहरू जोडिएका छन्। तर, यसको मूल विषयवस्तुमा कुनै आँच आएको छैन। तर रुपवादका आधारमा स्वरुप परिवर्तन भएको छ। विसंरचित भएर समसामयिक घटनालाई जोड्दै आफ्नो मूल मर्ममा कुनै असर नपारी शीर्षक सार्थक तुल्याउन सक्नु 'कठपुतलीको मन' कथाको सफल पक्ष हो। यथार्थ परिवेश जे-जस्तो हुन्छ, कृतिमा आउँदा त्यो सोही रुपमा नआइकन आफ्नो रुप बदलेर आएको हुन्छ भन्ने कुरालाई यस कथामा कथाकारले पालन गरेका छन्। यस आधारमा यो कथा उत्कृष्ट छ। पुराना स्थापित मान्यताका विरुद्ध बहुलवादी दृष्टिकोणमा देखापरेको एक महत्वपूर्ण चिन्तन उत्तरआधुनिकतावाद हो। यसका विभिन्न मान्यताहरुमध्ये एक मान्यता विधाभञ्जन पनि हो। विधाभञ्जन मूलतः संरचना पक्षसँग सम्बन्धित देखिन्छ। हरेक विधाको संरचनाको निश्चितताको विरोध गरी विसंरचनाको वकालत गर्ने दृष्टिकोण हो। यसले विधामिश्रणको अवधारणा अघि सारेको पाइन्छ। निश्चित आकारको विधासंरचना भाँच्ने भएकाले यसलाई विधाभञ्जन भनिएको हो।

यस मान्यता अनुसार कुनै पनि विधाको संरचनाका आधारमा एउटै स्वरुप हुन सक्दैन भन्ने कुरा स्वीकार गर्दछ र एक विधाभित्र अर्को विधा मिसाउन सकिने मान्यता राख्दछ। यसरी हेर्दा विधा मिश्रण उत्तरआधुनिकवादको महत्वपूर्ण विशेषता मानिन्छ। एउटा विधाभित्र अर्को विधा मिलाई भिन्न रुपमा प्रस्तुत गर्ने विधामिश्रण गर्ने संरचना भञ्जन गर्ने र आदि, मध्य र अन्त्यको सुसङ्गतिलाई भङ्ग गरी प्रस्तुत गर्ने कार्य नै विधा भञ्जन हो। विधाभञ्जनले कुनै पनि विधाको संरचना वा घटक निश्चित नहुने अथवा अनिश्चित हुने मान्यता बोकेको पाइन्छ। यस्ता रचनाको कुनै आदि, मध्य वा अन्त्य नभई विशृङ्खलित रुपमा प्रस्तुत गरिएको हुन्छ। विनिर्माणवादले स्थापित साहित्यिक विधाको अस्तित्वलाई अस्वीकार गर्दछ। यसले कुनै पनि लेखन विशुद्ध रुपमा कविता, कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना आदि नभएर विभिन्न विधाहरुको मिश्रण भएको हुन्छ भन्ने मान्यता राख्दछ। त्यसैले विनिर्माणवादीहरू साहित्यिक विधाको अस्तित्वलाई अस्वीकार गर्दै लेखनलाई केवल पाठ भन्न रुचाउँछन्। विभिन्न विधाहरुको मिश्रण गरेर विधाको अस्तित्वलाई

नमिट्याई पार्नुलाई विधा विनिर्माण वा विधाभञ्जन भनिन्छ । यो विनिर्माणवादको एउटा मुख्य विशेषता पनि हो । राईले कठपुतलीको मन कथा सङ्गहको अन्तिम पृष्ठमा 'कृतिमा लीलालेखनगत आधार' भनेर लेखनका बीसवटा सैद्धान्तिक बुँदा दिएका छन् । बुँदा ६- मा 'कठपुतली मन' कथाबारे उनी लेख्छन्-कृति कथा छ, नाटक छ, औपन्यासिक छ, यसमा समालोचना छ, निबन्ध छ, कविता छ । राईका कथामा प्रयोग भएका विभिन्न विधाहरुका केही अशंलाई उदाहरण स्वरुप यहाँ प्रस्तुत गरेर हेर्न सकिन्छ :-

**कथा**

राईको कठपुतलीको मन कथामा पात्र गौँथली माइत गएपछि चामेको अवस्थालाई संवेदनात्मक रुपमा चित्रण गर्दै लेख्छन् -

'के मेलो छ, कान्छा ?'

चामे चल्मलाउँछ ,जीउ मिलाउनेलाई जस्तो ।

'यस्तै छ दाइ ।'

'बुहारीलाई माइत धपाइहालिस् , अब एक्लै मोज गर बस् ।'

चामेले भूइ हेर्यो ।

'मोजै भन्नपर्यो अब ।'

'एस्तो मोज त सतुरलाई पनि नहोस् व्यारे, भनिन् जुठेनीले ।

'आइहाल् तँ' स्वास्नीलाई हपारिराखेर गइहाल्यो जुठे । (कठपुतलीको मन, पृ. ५६)

प्रस्तुत उद्धरणले चामेको जीवनको एउटा पक्षमाथि प्रकाश पारेको छ यस कथाका पात्रहरु चामे, जुठे र जुठेनी बिचको यस संवादले पाठकलाई स्वतः मैनालीद्वारा लिखित पूर्वपाठ 'परालको आगो' कथाको स्मरण गराउँछ ।

**नाटक**

नाटकमा रसानुभूतिका निम्ति संवाद साथै भाव, ताल र लय पनि आवश्यक मानिन्छ । राईको कठपुतलीको मन कथामा नाटकका उक्त गुणहरुको राम्रो प्रयोग यसरी भएको पाइन्छः-

दृश्य चामेको घर आँगन

चामे पिंढीमा बसेको । चिलिमको आगो स्याहार्ने लागेको ।

तीन पत्रकारहरु मञ्चमा पस्छन् ।

तीनैले गाढा खराने सूट लाएका

गौँथलीको छम्- छम् प्रवेश मञ्चमा । (कठपुतलीको मन, पृ. ६०)

हातमा चम्किलो हँसिया, काँधमा नयाँ नाम्लो, नाम्लोमा -घाँसमा जानलागेकी । चोली आकासे निलो, सुन्तले छिटको फरियो । फरियाको गुल्थो खुम्च्याएर पटुकी सपक्क कसेकी । निधारमा खुल्दो रातो टीका ।

च्याप्प चामेले गौँथलीको पाखुरामा समाएर, मञ्चको बायाँ छेउमा (ढोलक); 'डोको नाम्लो लिएर अब कता नि' (कठपुतलीको मन पृ.६८) । यस उद्धरणमा प्रयुक्त मञ्च, दृश्य, चामेको घर, आँगन आदि शब्दले नाटकको विविध आयामलाई संकेत गरेको बुझिन्छ ।

## कविता

राईका कथामा विभिन्न विधाहरुको मिश्रण सँगैसँगै कविताको पनि प्रयोग भएको छ । राईले कथाभित्र छन्दोबद्ध कविताको प्रयोग गरेर विधा विनिर्माणको संकेत दिएका छन् । 'कठपुतलीको मन' कथाको पात्र चामे आफ्नी स्वास्नी गौँथलीलाई लिन ससुराली पुग्छ । आँगनमा ससुराले रामायण पाठ गरेको देखेर ऊ पनि कविता पाठ गर्न थाल्छ -

'बल्दो लामु पुछर् लियेर घर घर् कुद्दै सहर्मा डुली ।
पोल्या सब् सहरै छुटेन कहिँ घर् बाँकी एक् भुली ॥'

माथि उल्लेखित कथांशले जस्तै जब विभिन्न विधाको मिश्रण भएर विधाभञ्जन हुन्छ,तब पाठको मौलिक अस्तित्व समाप्त भएर त्यो केवल पाठमा परिणत हुन्छ । यसरी विभिन्न विधाहरुको मिश्रणले राईका कथाहरु पाठका रुपमा पुनर्सिजित भएका छन् । विनिर्माणवादको यस प्रकारको विधा विनिर्माण विशेषता नेपाली साहित्यमा विशेष रुपले प्रयोग भएको पाइन्छ । मानिसको जीवनको अनुभूतिहरुलाई सरल र गेयात्मक रुपमा अभिव्यक्ति गर्ने माध्यमलाई गीत भनिन्छ भने, कुनै देवता वा आफ्ना आराध्येदेवलाई खुसी पार्न गाइने रचना विशेषलाई भजन भनिन्छ । राईका कथामा यी दुवै प्रकारका विधाहरु सन्दर्भअनुसार प्रयोगमा आएका छन् । कथांशमा प्रयोग भएको गीतका लागि तलको पङ्क्तिलाई लिन सकिन्छः-

गीतः कति कति गीतहरु तिम्रा आखाँहरु
कति मेरा नींदहरु तिम्रा यी बाँहहरु......
सबै सबै रीतहरु तिम्रा पलकहरु
सबै मेरा नींदहरु तिम्रा यी बाँहहरु....... ('कठपुतलीको मन', पृ.७७) ।

यसरी गीतका अंशसँगै राईका कथामा भजनका केही अंशहरु पनि प्रयोगमा आएका छन्:-

भजनः मेरै तो गिरधर गोपाल दूसरो न कोई ॥
जाके शिर मोर मुकुट.... ....
'गाऊ...........'
'अँसुवन जल सींच सींच प्रेमबेली बोई ।
साधो सँग बैठ बैठ लोकलाज खोई ॥
'लोकलाज खोई.....'
मेरे तो गिरधर गोपाल दूसरो न कोई ॥
'दूसरो न कोई......गाऊ.......'
'अब तो बात फैल गई जानै सब कोई ।

दासी मीरा शरण आई होनी सो होई ॥'

विभिन्न विधाहरुको मिश्रण गरेर विधाको अस्तित्वलाई निमिट्याउन पार्नुलाई विधा विनिर्माण वा विधाभञ्जन भनिन्छ । उत्तरआधुनिकतावादको एउटा प्रमुख विशेषता हो । कठपुतलीको मन कथामा पनि कहिले नाटकजस्तो देखिन्छ । कहिले कविता, निबन्ध, समालोचना, गीत, भजन आदि विधाहरुको मिश्रण भएको पाइन्छ । एउटा विधाभित्र अर्को विधा मिलाई भिन्न रुपमा प्रस्तुत गर्ने विधा मिश्रण गर्ने संरचना भञ्जन गर्ने र आदि, मध्य र अन्त्यको सुसङ्गतिलाई भङ्ग गरी प्रस्तुत गर्ने कार्य नै विधाभञ्जन हो ।

**समालोचना**

समालोचनाले पाठमा रहेको सङ्गति -विसङ्गति, विशेषता, संरचना, पाठले सङ्केत गर्न खोजेको विषय आदिबारे अध्ययन विश्लेषण गर्दछ । राईका कथामा पनि समालोचनाका सङ्केतहरू पाइन्छ । उनले कथाभित्र समालोचनालाई पनि ठाउँ दिँदै कथाको विधागत अस्तित्वलाई खण्डित पारिदिएका छन् । 'कठपुतलीको मन' कथामा उनी लेख्छन्:-

> ... यसलाई बुझ्नुपर्छ यौनकथाको रुपमा । देख्नुभएन, गौँथली बिहा हेर्न गएकी ? फ्रायडीय प्रतिनियुक्त सुखानुभूति हो त्यो । चामे हलो बोकेर घर आउँछ पुरुषको यौनकामको प्रतीक । (चामे तन्केर सुन्छन्) । गौँथली गर्भाकारमा तृष्णा मार्ने पानी लिएर, भएर आएकी थिइन् । दुईबिचको लडाई हो यौन । (कठपुतलीको मन, पृ,६३)

प्रस्तुत उदाहरणले राईको बौद्धिकतालाई देखाएको छ । राईले मैनालीकृत परालको आगो कथाको पात्र चामे र गौँथली बिचको द्वन्द्वको कारणलाई फ्रायडीय मनोविश्लेषणका आधारमा विश्लेषण गरेर आफ्नो समालोचकीय धारणा स्पष्ट पारेका छन् ।

**निबन्ध**

गद्य साहित्यका विविध विधामध्ये निबन्ध पनि एउटा हो । निबन्धले कुनै पनि विषयवस्तुलाई बाँध्नु भन्ने अर्थ दिन्छ । यसले काल्पनिक वा भावसंवेदनामूलक अभिव्यक्तिदेखि लिएर बौद्धिक वा तर्कमूलक अभिव्यक्तिसम्मको क्षेत्रलाई ढाकेको हुन्छ । राईका कथामा निबन्धका अंशहरु धेरै ठाउँ प्रयोगमा आएका छन् ।

मान्छे के स्वतन्त्र भन्नु ? यो मर्छ । खटनको एक मुठी माटो बाँचेर । तिम्रो स्वतन्त्रता आजीवन कैदीको सपना मात्र । बिहान हो कि भ्रमको साँझ मात्र । ऊ कुमालेको चक्रमा घुमेको माटोको मात्र रुपाकार तिमी र म । परन्तु परतन्त्र पूरै पार्न पाएन कि परमेश्वर पर्यन्तले? आफ्नो स्वतन्त्रता खोज्न तिमी कति स्वतन्त्र परतन्त्र । कसले कसी ल्यायो यहाँ, केही मलाई नसोधी ? कसले बाँधी लान्छ कहाँ, केही मलाई नसोधी ? कसूर के मेरो ? प्रश्नहरु स्वतन्त्रता ('कठपुतलीको मन', पृष्ठ.७५) ।

प्रस्तुत कथांशमा मानिस आफू स्वतन्त्र छु भन्ने धारणा बाँचेको हुन्छ तर धारणा भ्रम हो । मानिसले सोचेको धारणाभन्दा जीवन पृथक भन्ने कुरा देखाएको छ । कसले कसी ल्यायो यहाँ ,केही मलाई नसोधी ? कसले बाँधी लान्छ कहाँ, केही मलाई नसोधी ? भन्ने वाक्यमा राईको अस्तित्ववादी धारणा व्यक्त भएको छ ।

## निष्कर्ष

नेपाली कथाको क्षेत्रमा राईद्वारा लेखिएको कठपुतलीको मन कथामा समाजमा देखिएका विषयवस्तुलाई आधार मानेर यसका विषयवस्तु आएका छन् । यस कथामा उत्तरआधुनिकवादका मान्यता र विषयवस्तुको प्रयोग भएकाले यो कथा उत्तरआधुनिक मान्यतामा आधारित छ । यस कथामा उत्तर आधुनिक उत्तर आधुनिकतावादका विधाभञ्जन ,द्विचरविरोध र अर्थको बहुलता प्रयोग के कस्तो भएको छ भन्ने कुरालाई देखाएको छ र उत्तर आधुनिकवादमा मान्यताहरू एउटा कृतिमा कसरी घटित हुन्छन् । भन्ने कुरालाई स्पष्ट रुपमा देखाएको छ । प्रस्तुत कथामा चामे,गौँथली,पात्रका माध्यमबाट एउटा कृतिभित्र कसरी अन्य कथाहरु समावेश भएर आएका छन् र एउटा कथाभित्र कविता, नाटक, निबन्ध, समालोचना जस्ता विधाहरु मिसिएर आएका छन् भन्ने कुरा अभिव्यक्त भएको छ । यसरी जातीय लैङ्गिक,आर्थिक ,सांस्कृतिक द्विचरविरोधको अस्वीकार गरी नवकेन्द्रको स्थापना भएको छ । साथै कथाको संरचनालाई भत्काएर विशृङ्खलित कथा वा कथाहीन कथालाई प्रस्तुत गरिएको छ । साथै कुनै पनि कृतिको यही नै अर्थ हुन्छ यही अर्थ नै यसको निश्चित अर्थ हुन्छ वा खुला अर्थ रहन्छ र पाठकले आफ्नो क्षमता ,बौद्धिकता र समय सन्दर्भ अनुसार अर्थ निर्धारण गर्न सकिने भएकाले यस कथामा उत्तर आधुनिकवादका मान्यताहरु प्रमुख रुपमा प्रयोग भएर आएका छन् भन्ने निष्कर्ष हुन आउँछ ।

## सन्दर्भ ग्रन्थ सूची

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरुप.* साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृति.* पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र राजेन्द्र सुवेदी (२०७६). *रत्न बृहत् नेपाली समालोचना.* रत्नपुस्तक भण्डार ।

चापागाई, निनु (२०६२). उत्तरआधुनिकतावादःभ्रम र वास्तविकताः *प्रलेस, १०*(१०), १३४-१७६ ।

त्रिपाठी, वासुदेव (२०६५). *साहित्य सिद्धान्तःशोध तथा सृजन विधि.* पाठ्य सामग्री प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०६२). उत्तरआधुनिकवाद र यसको मूल स्वरूप. *प्रलेस, १०*(१४), १७७-१९२ ।

भट्टराई, होमनाथ (२०७५). *शिक्षाका आधारहरू.* जुपिटर प्रिन्टिङ्ग हाउस प्रा.लि. ।

शर्मा एन्ड शर्मा (२०७०). *शिक्षाका आधारहरू.* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना:सिद्धान्त र प्रयोग.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।